Volume 1

Annex 8a: Copy of Mid-Western University Autonomy By-laws 2019 (2075).

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

स्वायत्तता सम्बन्धी नियमावली, २०७५

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
स्वायत्तता सम्बन्धी नियमावली, २०७५

विषय सूची


| [illegible] | | पेज नं. |
|---|---|---|
| [illegible] | परिच्छेद १ | |
| | प्रारम्भिक | १-२ |
| | परिच्छेद २ | |
| | [illegible] वा निकायका लागि स्वायत्तता सम्बन्धी व्यवस्था | [illegible]-४ |
| | परिच्छेद ३ | |
| | [illegible] प्राप्त क्याम्पस वा निकायको सञ्चालक परिषदको गठन, बैठक [illegible] व्यवस्था तथा काम कर्तव्य र अधिकार | ४-७ |
| | परिच्छेद ४ | |
| | [illegible] प्राप्त स्कूल वा निकायको व्यवस्थापन परिषदको गठन तथा [illegible] कर्तव्य र अधिकार | ७-१० |
| | परिच्छेद ५ | |
| | [illegible] समितिको गठन तथा काम कर्तव्य र अधिकार | १०-११ |
| | परिच्छेद ६ | |
| | [illegible] समितिको गठन तथा काम कर्तव्य र अधिकार | १२-१४ |
| | [illegible] ७ | |
| | [illegible] समितिको गठन तथा काम कर्तव्य र अधिकार | १४-१५ |
| | [illegible] ८ | |
| | [illegible] | १६ |
| | [illegible] ९ | |
| | [illegible] क्याम्पस प्रमुख / निकायको प्रमुख | १७-१९ |
| | [illegible] १० | |
| | [illegible] निकायलाई स्वायत्तता प्रदान गर्ने व्यवस्था | १९-२१ |
| | [illegible] ११ | |
| | [illegible] क्याम्पस [illegible] स्वायत्तता सम्बन्धी व्यवस्था | [illegible] |
| | [illegible] १२ | |
| | | [illegible] |


# मध्यपश्चिमाञ्चल विश्वविद्यालय
## स्वायत्तता सम्बन्धी नियमावली, २०७५

उच्च शिक्षाको गुणस्तरमा अभिबृद्धि गर्दै देशको शैक्षिक तथा प्राज्ञिक वातावरणलाई अझ वढी स्वच्छ, मर्यादित र उपलब्धि मूलक वनाउने उद्देश्यले स्थापित मध्य पश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गत संचालित तोकिएका क्याम्पस वा निकायलाई संरचनागत र कार्यगत स्वायत्तता तथा तोकिएका सम्बन्धन प्राप्त क्याम्पसलाई प्राज्ञिक स्वायत्तता प्रदान गरी ती क्याम्पस वा निकायहरुका शैक्षिक र अनुसन्धानका कार्यहरुको गुणस्तर अझ बृद्धि गरी देशलाई समृद्ध वनाउने कार्यमा सघाउन जिम्मेवारी वहन गर्न उत्प्रेरित गर्ने उद्देश्यले मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन २०६७ को दफा ९ (ङ) र दफा ४३ ले दिएको अधिकार प्रयोग गरी मध्यपश्चिमाञ्चल विश्वविद्यालय सभाले देहायको नियमहरु वनाएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम "मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली कार्यकारी परिषदले तोकेको मध्यपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गतको क्याम्पस वा निकाय वा सम्बन्धन प्राप्त क्याम्पसमा तोकेको मिति देखि लागू हुने छ ।

२. **परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "ऐन" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ सम्झनु पर्छ ।

(ख) "नियम"भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्छ ।

(ग) "विश्वविद्यालय" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले ऐनको दफा ७ वमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ ।

(ङ) "कार्यकारी परिषद" भन्नाले ऐनको दफा १२ वमोजिमको कार्यकारी परिषद सम्झनु पर्छ ।

(च) "क्याम्पस" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पस सम्झनु पर्छ। क

(छ) "निकाय" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका निकाय वा कार्यालय सम्झनु पर्छ।

"सम्बन्धन प्राप्त क्याम्पस । कलेज" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस । कलेज सम्झनु पर्छ।

(ज) "सञ्चालक परिषद" भन्नाले मध्यश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली, २०७५ को नियम ६ वमोजिम गठित स्वायत्तता प्राप्त क्याम्पस वा निकायको संचालक परिषद सम्झनु पर्छ।

(झ) "व्यवस्थापन परिषद" भन्नाले नियम ९ वमोजिम गठित व्यवस्थापन परिषद सम्झनु पर्छ।

(ञ) "प्राज्ञिक समिति" भन्नाले नियम १२ वमोजिम गठित स्वयत्तता प्राप्त क्याम्पस वा निकाय वा सम्बन्धन प्राप्त क्याम्पसको प्राज्ञिक समिति सम्झनु पर्छ।

(ट) "आर्थिक समिति" भन्नाले नियम १४ वमोजिम गठित आर्थिक समिति सम्झनु पर्छ, ।

(ठ) "परीक्षा सञ्चालक समिति" भन्नाले नियम २० वमोजिम गठित परीक्षा सञ्चालक समिति सम्झनु पर्छ।

(ड) "पदपूर्ति समिति" भन्नाले नियम २२ वमोजिम गठित समिति सम्झनु पर्छ।

(ढ) "स्वायत्तता" भन्नाले क्याम्पस वा निकायलाई यस नियमावली अनुसार प्राज्ञिक, प्रशासनिक, व्यवस्थापकीय र आर्थिक स्वायत्तता प्रदान गरिए वमोजिमको अधिकार प्रयोग गर्ने भन्ने सम्झनु पर्छ। साथै

"स्वायत्तता" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसलाई यस नियमावली अनुसार प्राज्ञिक स्वायत्तता प्रदान गरिए वमोजिमको अधिकार प्रयोग गर्ने भन्ने सम्झनु पर्छ,

(ण) "अध्यक्ष" भन्नाले सञ्चालक परिषदको अध्यक्ष सम्झनु पर्छ।

(त) "डीन " भन्नाले विश्वविद्यालयको सम्बन्धित सङ्कायको डीन सम्झनुपर्छ

(थ) "प्रमुख" भन्नाले विश्वविद्यालयको स्वायत्तता प्राप्त क्याम्पस वा निकायको प्रमुख सम्झनु पर्छ।



(द) "विनियम" भन्नाले यस नियमको उद्देश्य पूर्ति गर्न यसै नियमको परिधि भित्र रही सञ्चालक परिषद वा सम्बन्धन प्राप्त क्याम्पसको सञ्चालक समितिले जारी गरी लागू गरेको विनियम सम्झनु पर्छ।

(ध) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस नियमावली, विनियम, कार्यविधि, निर्देशिका, कार्य व्यवस्थापन प्रणाली र ऐन नियमको अधिनमा रही अधिकार प्राप्त अख्तियारवालाले तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ।

(२) ऐनमा प्रयुक्त शब्द र वाक्यांश यस नियमावलीमा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरुको व्याख्या ऐन कै अनुरुप गरिने छ।

## परिच्छेद- २
## क्याम्पस वा निकायको लागि स्वायत्तता सम्बन्धी व्यवस्था

३. **स्वायत्तता प्रदान गर्न सकिने:-**

(१) विश्वविद्यालयबाट प्रदान गरिने शिक्षालाई उच्च गुणस्तरयुक्त बनाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र क्षमतावान जनशक्ति उत्पादन गर्ने उद्देश्यले समय र वजारको माग अनुरुप अनुसन्धानमा आधारित पाठ्यक्रम तयार गरी औचित्य र आवश्यकता हेरी शैक्षिक कार्यक्रम संचालन गर्न विश्वविद्यालय अन्तर्गतका क्याम्पस वा निकायलाई संरचनागत स्वायत्तता, कार्यगत स्वयत्तता तथा प्राज्ञिक स्वायत्तता प्रदान गर्न सकिने छ।

(२) विश्वविद्यालयको कुनै क्याम्पस वा निकायले नियममा तोकिए वमोजिमको विधि र प्रक्रिया पूरा गरी स्वायत्तता पाउन विश्वविद्यालय समक्ष आवेदन दिएमा उक्त आवेदनको मूल्यांकन गरी उपयुक्त देखिएमा विश्वविद्यालय कार्यकारी परिषदले उक्त क्याम्पस वा निकायलाई स्वायत्तता प्रदान गर्न सक्नेछ।

४. **स्वायत्तता प्राप्त क्याम्पस वा निकायको काम कर्तव्य अधिकार:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकायको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(१) सञ्चालित शैक्षिक कार्यक्रमको पाठ्यक्रम परिमार्जन गर्ने,

(२) नयां शैक्षिक कार्यक्रमको पाठ्यक्रम निर्धारण गर्ने र निर्धारित पाठ्यक्रम अनुसार सो शैक्षिक कार्यक्रम संचालन गर्ने,

(३) भर्ना सम्बन्धी नियम वनाई लागू गर्ने,

(४) विद्यार्थीको मूल्यांकन एवं परीक्षा प्रणालीको संचालन एवं विकास गर्ने,

(५) नयां नयां शैक्षिक प्रविधिको प्रयोग गर्ने,

(६) विद्यार्थीको शुल्क निर्धारण गर्ने,

(७) स्वायत्तता प्राप्त क्याम्पस वा निकायलाई उत्कृष्टताको केन्द्रको रुपमा विकसित गर्ने,

(८) आर्थिक स्रोतको खोजी तथा व्यवस्थापन गर्ने,

(९) रोजगारदाता, उद्योग, अन्य शैक्षिक संघ, संस्था तथा सरकारसंग आपसी सहयोग बढाएर नयां ज्ञान र प्रविधि विकासका साथ साथै मौजुदा ज्ञान र प्रविधि उपयोग गर्ने क्षमता विकास गरेर द्रुत गतिमा देश विकास गर्न सघाउने,

(१०) तोकिएका अन्य कार्यहरु गर्ने,

**५. स्वायत्तता प्राप्त क्याम्पस वा निकायको संगठनात्मक संरचना र पदाधिकारी:-**

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको संगठनात्मक संरचना देहाय वमोजिमहुनेछ

(क) संचालक परिषद

(ख) व्यवस्थापन परिषद

(ग) प्राज्ञिक समिति

(घ) आर्थिक समिति

(ङ) परीक्षा संचालक समिति

(च) पदपूर्ति समिति

(छ) तोकिएका अन्य संगठन

(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको पदाधिकारी देहाय वमोजिम हुनेछ ।

(क) सञ्चालक परिषदको अध्यक्ष,

(ख) क्याम्पस वा निकायका डीन वा निर्देशक वा प्रमुख

(ग) तोकिएका अन्य पदाधिकारी



## परिच्छेद- ३

### स्वायत्तता प्राप्त क्याम्पस वा निकाय संञ्चालक परिषदको गठन, बैंठक सम्बन्धी व्यवस्थातथा काम, कर्तव्य र अधिकार ।

**६. सञ्चालक परिषदको गठन:-**

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको सर्वोच्च अंगको रुपमा एक सञ्चालक परिषद रहने छ ।

(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको सञ्चालक परिषदको गठन देहाय वमोजिम हुनेछ:

(क) वरिष्ठ प्राध्यापक वा प्रतिष्ठित रोजगारदाता वा समाजसेवी मध्येबाट विश्वविद्यालय कार्यकारी परिषदले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको डीन, निर्देशक वा प्रमुख - सदस्य

(ग) बुद्धिजीवी तथा शिक्षाविद मध्येबाट तीनजना - सदस्य

(घ) क्याम्पस वा निकायको विभागीय प्रमुख, प्राध्यापक वा सह प्राध्यापक मध्येबाट तीन जना - सदस्य

(ङ) विश्वविद्यालय सभाका सदस्य रहेका नगरपालिकाका मेयर एक जना - सदस्य

(च) उद्योगपति, व्यापारी, रोजगारदाता, चन्दादाता, छात्रवृत्ति संस्थापक र समाज सेवी मध्यबाट तीन जना - सदस्य

(छ) सम्बन्धित विषयका विशिष्ट विद्वान एक जना - सदस्य

(ज) एल्मुनाईहरु मध्येबाट एक जना महिला र एक जना पुरुष गरी दुई जना -सदस्य

(३) सञ्चालक परिषदको अध्यक्ष नियुक्तिको लागि उपयुक्त व्यक्ति सिफारिश गर्न उपकुलपतिले तीन सदस्यीय एक समिति गठन गर्ने छ । उक्त समितिले अध्यक्षपदमा नियुक्तिको लागि व्यक्तिगत विवरण सहित तीन जनाको नाम उपकुलपतिलाई सिफारिश गर्ने छ र सो सिफारिशलाई आधार मानी कार्यकारी परिषदले क्याम्पस वा निकायको अध्यक्ष मनोनित गर्ने छ ।

(४) उपनियम (२) वमोजिमका पदेन सदस्यहरु वाहेक अन्य सदस्यहरुको मनोनयन विश्वविद्यायका उपकुलपतिको सिफारिशमा कार्यकारी परिषदबाट हुने छ ।

(५) सञ्चालक परिषदका अध्यक्ष तथा मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(६) सञ्चालक परिषदले तोकेको सदस्यले सञ्चालक परिषदको सदस्य -सचिव भई काम गर्ने छ ।

७. **सञ्चालक परिषदको बैंठक:-** (१) सञ्चालक परिषदको बैंठक वर्षको तीन पटक अनिवार्य रुपमा बस्ने छ । तर आवश्यकता परेमा सो भन्दा बढी पटक पनि बैंठक बस्न सक्ने छ ।

(२) सञ्चालक परिषदको बैंठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्ने छ ।

(३) सञ्चालक परिषदको बैंठक हुनु भन्दा कम्तीमा पन्ध दिन अगावै बैंठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषदको सदस्य - सचिवले परिषदका सबै सदस्यहरुलाई दिने छ ।

(४) उपनियम (३) वमोजिम बैंठकको कार्यसूची सहितको सूचना पठाउंदा बैंठकमा निर्णयार्थ प्रस्तुत हुने प्रस्ताव र सम्बन्धित कागजपत्र समेत संलग्न गरी पठाउनु पर्नेछ ।

(५) सञ्चालक परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा बैंठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(६) सञ्चालक परिषदको बैंठकको अध्यक्षता परिषदको अध्यक्षले गर्ने छ, निजको अनुपस्थितिमा सञ्चालक परिषदले परिषदका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई बैंठकको अध्यक्षता गर्न तोक्ने छ ।

(७) परिषदको बैंठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा बैंठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिने छ ।

(८) सञ्चालक परिषदको बैंठकको निर्णय परिषदको अध्यक्ष र सदस्य - सचिवले प्रमाणित गरे पछि कार्यान्वयन गरिने छ । निर्णयको अभिलेख सदस्य - सचिवले राख्ने छ ।

(९) सञ्चालक परिषदका अध्यक्षले आवश्यक ठानेमा बैंठकमा प्रस्तुत प्रस्तावसंग सम्बन्धित कुनै व्यक्तिलाई बैंठकमा आमन्त्रित गर्न सक्ने छ । आमन्त्रित व्यक्तिले बैंठकमा अध्यक्षको अनुमति भएमा आफ्नो राय व्यक्त गर्न सक्ने छ तर बैंठकको निर्णयमा मत दिन पाउने छैन ।

(१०) बैंठकमा उपस्थित अध्यक्ष, सदस्य, सदस्य - सचिव र आमन्त्रित व्यक्तिलाई व्यवस्थान परिषदले तोके वमोजिम बैंठक भत्ता उपलब्ध गराइने छ ।

(११) सञ्चालक परिषदको बैंठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे वमोजिम हुने छ ।

८. **सञ्चालक परिषदको काम, कर्तव्य र अधिकार:-** संञ्चालक परिष्दको काम कर्तव्य र अधिकार देहाय वोजिम हुनेछ:-

(१) स्तरीय शिक्षण, प्रशिक्षण र अनुसन्धानको लागि उचित व्यवस्था वनाउन आवश्यक नीति तय गर्ने,



(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको विकास, विस्तार र सुदृढीकरणको लागि नीति निर्धारण गर्ने,

(३) दीर्घकालीन योजना स्वीकृत गर्ने र सो को लागि श्रोत परिचालन गर्ने,

(४) वार्षिक वजेट र कार्यक्रम स्वीकृत गरी सो को जानकारी विश्वविद्यालयलाई दिने,

(५) स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासंग सम्बन्ध कायम गर्न एवं सहकार्य गर्न नीति वनाउने,

(६) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको डीन वा प्रमुखको नियुक्ति गर्ने, निजको कार्य संतोषजनक नभएमा प्रक्रिया पुर्‍याई निजलाई उक्त पदबाट हटाउने,

(७) विश्वविद्यालय सभा र प्राज्ञिक परिषदले गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(८) आवश्यकतानुसार विभिन्न समिति वा कार्यटोली गठन गर्ने,

(९) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गतका शिक्षक, कर्मचारी र विद्यार्थीको लागि आचार संहिता तोक्ने,

(१०) ऐन र नियमको परिधि भित्र रही स्वायत्तता प्राप्त क्याम्पस वा निकाय संचालन गर्न आवश्यक विनियम, कार्य व्यवस्थापन प्रणाली,प्रक्रिया र निर्देशिका पारित गर्ने ,

(११) कार्यक्रम संचालनका शैक्षिक, आर्थिक, व्यवस्थापकीय तथा अन्य पक्षहरु सम्बन्धी प्रतिवेदन समीक्षा गर्ने र आवश्यक निर्देशन दिने ,

(१२) क्याम्पस वा निकायको वार्षिक शैक्षिक कार्यतालिका, शैक्षिक कार्यक्रम र विद्यार्थी भर्ना सम्बन्धी नीति पारित गर्ने,

(१३) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ,

(१४) तोकिए वमोजिम अन्य कार्य गर्ने,

(१५) सञ्चालक परिषद विश्वविद्यालय कार्यकारी परिषद प्रति उत्तरदायी रहने छ,

## परिच्छेद- ४

### स्वायत्तता प्राप्त क्याम्पस वा निकायको व्यवस्थान परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

९. **व्यवस्थापन परिषदको गठन:-** (१) स्वयत्तता प्राप्त क्याम्पस वा निकायको प्रमुख कार्यकारी अंगको रुपमा काम गर्ने एक व्यवस्थापन परिषद रहने छ ।

(२) व्यवस्थापन परिषदको गठन देहाय वमोजिम हुने छ:-

(क) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय प्रमुख -अध्यक्ष

(ख) नियम ५ को उपनियम (२) को खण्ड (घ) वमोजिम सञ्चालक परिषदका सदस्य मध्येबाट सञ्चालक परिषदका अध्यक्षले मनोनयन गरेका एक जना-सदस्य

(ग) स्वायत्तता प्राप्त क्याम्पसका शिक्षकहरु मध्येबाट कार्यकारी परिषदको निर्णय बमोजिम उपकुलपतिबाट मनोनित एक जना -सदस्य

(घ) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको विभागिय प्रमुख -सदस्य

(ङ) स्वायत्तता प्राप्त क्याम्पस वा निकायका सहायक डीन वा अन्य पदाधिकारी मध्ये व्यवस्थापन परिषदका अध्यक्षबाट मनोनित एक जना -सदस्य- सचिव

(३) उपनियम (२) वमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुने छ।

१०. **व्यवस्थापन परिषदको बैठकः-** (१) व्यवस्थापन परिषदको बैठक, अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्ने छ।

(२) व्यवस्थापन परिषदको बैठकका लागि एक दिन अगावै सदस्य सचिवले सवै सदस्यहरुलाई सूचना दिनु पर्ने छ। उक्त सूचना सगै बैठकमा प्रस्तुत हुने प्रस्ताव पनि संलग्न गर्नु पर्ने छ

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि आवश्यकतानुसार अल्प सूचनामा व्यवस्थापन परिषदको बैठक अध्यक्षले वोलाउन सक्ने छ। यस्तो अवस्थामा बैठकमा प्रस्तुत हुने प्रस्ताव बैठकको प्रारम्भमा सवै सदस्यहरुलाई सदस्य -सचिवले उपलब्ध गराउने छ।

(४) व्यवस्थापन परिषदका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ।

(५) व्यवस्थापन परिषदको बैठकमा वहुमतको निर्णय मान्य हुने छ र मत वरावर भएमा अध्यक्षको मत निर्णयक हुनेछ।

(६) व्यवस्थापन परिषदको बैठकको निर्णय परिषदको सदस्य -सचिवले अध्यक्षबाट प्रमाणित गराई राख्ने छ।

(७) व्यवस्थापन परिषदको बैठकबाट भएका निर्णयको प्रतिलिपि सदस्य -सचिवले सबै सदस्यहरुलाई उपलब्ध गराउने छ र निर्णयको अभिलेख राख्ने जिम्मेवारी सदस्य -सचिवको हुनेछ।

(८) व्यवस्थापन परिषदको बैठकमा अध्यक्षले आवश्यक ठानेमा कुनै व्यक्तिलाई आमन्त्रित गर्न सक्ने छ। आमन्त्रित व्यक्तिले अध्यक्षले अनुमति दिएमा बैठकमा आफ्नो राय दिन सक्ने छ, तर निर्णय प्रक्रियामा निजले मत दिन पाउने छैन।



(९) बैठकमा उपस्थित अध्यक्ष, सदस्य, सदस्य -सचिव र आमन्त्रित व्यक्तिले व्यवस्थापन परिषदले तोके वमोजिमको बैठक भत्ता पाउने छ।

(१०) बैठक सम्बन्धी कार्य विधि व्यवस्थापन परिषद आफैले तोके वमोजिम हुने छ।

११. **व्यवस्थापन परिषदको काम, कर्तव्य र अधिकारः-** व्यवस्थापन परिषदको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छः-

(१) सञ्चालक परिषदको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको वार्षिक वजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरिक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु तयार गरी स्वीकृतीको लागि सञ्चालक परिषदमा पेश गर्ने,

(३) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने तथा आय आर्जन हुने कार्यको प्रयोजनमा उपयोग गर्ने, गराउने,

(४) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत संचालित कार्यक्रमहरुको समन्वय, रेखदेख तथा अनुगमन गर्ने र सो को प्रतिवेदन सञ्चालक परिषदमा पेश गर्ने,

(५) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत अध्यापन गरिने विषयहरुको अध्यापन, प्रशिक्षण र अनुसन्धानको लागि आवश्यक पाठ्यक्रम प्राज्ञिक समितिबाट स्वीकृत गराई लागू गर्ने,

(६) शैक्षिक कार्यक्रमहरुलाई दिगोरुपले सञ्चालन गर्न आवश्यक आन्तरिक स्रोत र अन्य स्रोतहरुको समेत परिचालन गरी आय आर्जन गर्ने र आर्जित रकमलाई व्यवस्थित गर्ने,

(७) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत रिक्त रहेको दरवन्दीमा आवश्यकतानुसार शिक्षक र कर्मचारी पदपूर्ति समितिको सिफारिशमा करारमा नियुक्ति गर्ने,

(८) स्वायत्तता प्राप्त क्याम्पस वा निकायका शिक्षक र कर्मचारीहरुको अतिरिक्त पारिश्रमिक र अन्य सुविधा तोक्ने,

(९) आचार संहिता विपरित कार्य गर्ने शिक्षक, कर्मचारी विद्यार्थी उपर तोकिएको प्रक्रिया पूरा गरी तोकिए वमोजिमको हदसम्म सजाय गर्ने,

(१०) क्याम्पस वा निकायको वार्षिक शैक्षिक कार्य तालिका, शैक्षिक कार्यक्रम र विद्यार्थी भर्ना सम्बन्धी नीति वनाई सञ्चालक परिषदको बैठकमा पेश गर्ने,

(११) क्याम्पस वा निकाय अन्तर्गतका शिक्षक तथा कर्मचारीलाई फेलोसिप, छात्रवृत्ति र तालिमको लागि मनोनित गर्ने तथा निजहरुको अध्ययन विदा वा स्वाध्ययन विदा स्वीकृत गर्ने र सो को जानकारी विश्वविद्यालयलाई दिने,

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरुसंगको सहकार्यमा विभिन्न परियोजना, शैक्षिक कार्यक्रम वा अनुसन्धान कार्यक्रम संचालन गर्ने सम्झौता गर्न स्वीकृति दिने,यसको जानकारी सञ्चालक परीषद र विश्वविद्यालय कार्यकारी परिषदलाई दिने,

(१३) छात्रवृत्ति, पदक र पुरस्कारहरुको व्यवस्था गर्ने र तिनीहरुको वितरणको आवश्यक प्रक्रिया निर्धारण गर्न सञ्चालक परिषदमा सिफारिश गर्ने,

(१४) विद्यार्थीहरुको लागि विभिन्न खेलकुद र कल्याणकारी कार्यक्रमको व्यवस्था र संचालन गर्ने, सम्बन्धी नीति तयार गरी सञ्चालक परिषदबाट स्वीकृत गराई क्रमशः कार्यान्वयन गर्दै जाने,

(१५) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत थप शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने दरवन्दी स्वीकृत गर्ने,

(१६) विद्यार्थीहरुको शिक्षण र अन्य शुल्क तोक्ने,

(१७) विभिन्न परिषद, समिति, कार्यटोली आदिको बैठक भत्ता वा अन्य आर्थिक सुविधा तोक्ने,

(१८) तोकिए वमोजिमका अन्य कामहरु गर्ने ।

(१९) व्यवस्थापन परिषद सञ्चालक परिषद प्रति उत्तरदायी हुने छ ।

## परिच्छेद- ५

### प्राज्ञिक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१२. **प्राज्ञिक समितिको गठनः-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा अध्यापन गरिने विभिन्न विषयहरुको शिक्षण र प्रशिक्षण, अनुसन्धान पाठ्यक्रम निर्माण तथा परीक्षा संचालन जस्ता प्राज्ञिक क्रियकलापलाई समय सापेक्ष र स्तरीय वनाउन आवश्यक नीति निर्धारण गर्न र कार्यान्वयन गर्न आवश्यक राय परामर्श प्रदान गर्नका लागि क्याम्पस वा निकायमा एक प्राज्ञिक समिति रहने छ ।

(२) प्राज्ञिक समितिको गठन देहाय वमोजिम हुने छः-

(क) स्वायत्तता प्राप्त क्याम्पस वा निकायक प्रमुख -संयोजक

(ख) क्याम्पस वा निकायका विभागीय प्रमुखहरु -सदस्य

(ग) उपकुलपतिद्वारा मनोनित एक जना -सदस्य

(घ) क्याम्पस वा निकायका प्राध्यापक वा सह प्राध्यापक मध्येबाट सम्बन्धित संकायका डीनले तोकेको प्रतिनिधी तीन जना -सदस्य



(ङ) क्याम्पस वा निकायमा सञ्चालित कार्यक्रमसंग सम्बन्धित विश्वविद्यालय बाहिरका विज्ञहरु तीन जना -सदस्य

(च) विश्वविद्यालय प्राज्ञिक परिषदले तोकेको प्रतिनिधि सदस्य एक जना -सदस्य

(३) उपनियम (२) खण्ड (ङ) वमोजिमका सदस्यहरुको मनोनयन डीन वा प्रमुखको सिफरिशमा उपकुलपतिले गर्ने छ ।

(४) प्राज्ञिक समितिको सचिवको रुपमा काम गर्न समितिका संयोजकले कुनै सदस्यलाई तोक्ने छ ।

(५) प्राज्ञिक समितिको पदावधि दुई वर्षको हुने छ ।

(६) प्राज्ञिक समितिको बैठकमा उपस्थित भएका अध्यक्ष र सदस्यलाई व्यवस्थापन परिषदले तोके वमोजिमको भत्ता पाउने छ ।

१३. **प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकारः-** प्राज्ञिक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुने छः-

(१) कुनै नयां शैक्षिक कार्यक्रम संचालन गर्न प्राप्त प्रस्तावको अध्ययन र मूल्यांकन गरी सो कार्यक्रमको लागि आवश्यक हुने जनशक्तिको आपूर्ति र पूर्वाधार विकासको योजना समेतलाई अध्ययन र मूल्यांकन गरी उपयुक्त देखिएमा व्यवस्थापन परिषद मार्फत सञ्चालक परिषदमा सिफरिश गर्ने,

(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा अध्यापन गरिने विषयहरुको अध्ययन, अनुसन्धान र प्रशिक्षणको लागि आवश्यक पाठ्यक्रम तर्जुमा गर्ने,

(३) क्याम्पस वा निकायमा अध्यापन र प्रशिक्षण गरिने विषयहरुमा विद्यार्थी भर्ना गर्न चाहिने योग्यता र भर्ना हुने आधार विश्वविद्यालय प्राज्ञिक परिषदले सो कार्यको लागि तोकेको योग्यता भन्दा कम नहुने गरी निर्धारण गर्ने,

(४) क्याम्पस वा निकायलाई उच्च शिक्षाको उत्कृष्ट केन्द्रको रुपमा विकसित गर्न व्यवस्थापन परिषदलाई परामर्श दिने,

(५) क्याम्पस वा निकायको वार्षिक शैक्षिक कार्य तालिका, शैक्षिक कार्यक्रम र विद्यार्थी भर्ना सम्बन्धी नीति निर्धारण गर्न सञ्चालक परिषदलाई परामर्श दिने,

(६) पठन - पाठनको शैक्षिक वातावरण सुधार्ने र अनुशासन कायम गर्ने लगायत अरु प्राज्ञिक कुरामा समय समयमा क्याम्पस वा निकायको वस्तुस्थितिको समीक्षा गर्ने र आवश्यक सुधार गर्न सिफरिश गर्ने ।

(७) क्याम्पस वा निकायमा संचालन गरिने शैक्षिक कार्यक्रमहरुको पाठ्यक्रममा समय सापेक्ष परिमार्जन वा नयां पाठ्यक्रम निर्माणको लागि सम्वन्धित विषय क्षेत्रका विश्वविद्यालय सेवा वाहिर रहेका विशेषज्ञहरु समेत समावेश गरी एक उपसमिति गठन गरी सो

समितिबाट प्रस्तावित पाठ्यक्रमको मस्यौदा प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउनेर पाठ्यक्रमको मसौदा प्राप्त भए पछि बैठकमा छलफल गरी आवश्यक निर्णय गर्ने,

(८) क्याम्पस वा निकायबाट अनुसन्धान र विकास तथा प्रसार सेवा (Research & Development and Extension Services) संचालन गर्न आवश्यक परामर्श दिने,

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक वा अन्य संघ, संस्थाहरुसंग विभिन्न परियोजना, शैक्षिक कार्यक्रम वा अन्य विषयको लागि सहयोग प्राप्त गर्न व्यवस्थापन परिषदलाई आवश्यक परामर्श दिने,

(१०) तोकिए वमोजिम अन्य कार्य गर्ने,

## परिच्छेद- ६

## आर्थिक समितिको गठन तथा काम कर्तव्य र अधिकार

१४. **आर्थिक समितिको गठन:-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा संचालन भएका वा नयां संचालन गर्न थालिएका शैक्षिक कार्यक्रमहरुको संचालनको लागि वार्षिक कार्यक्रम र वजेट तयार गर्न र आर्थिक गतिविधिसंग सम्बन्धित अन्य कार्य गर्न एक आर्थिक समिति रहने छ ।

(२) आर्थिक समितिको गठन देहाय वमोजिम हुने छ:

(क) सम्बन्धित क्याम्पस वा निकाय प्रमुख -अध्यक्ष

(ख) विश्वविद्यालय कार्यकारी परिषदबाट मनोनित एक जना -सदस्य

(ग) संचालक परिषदबाट मनोनित एक जना -सदस्य

(घ) विश्वविद्यालय केन्द्रीय कार्यालयका लेखा प्रमुख -सदस्य

(ङ) क्याम्पस वा निकायको प्रशासन प्रमुख -सदस्य

(च) सम्बन्धित क्याम्पस वा निकायको लेखा प्रमुख -सदस्य- सचिव

(३) उपनियम (२) को खण्ड (ख) र खण्ड (ग) वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(४) आर्थिक समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको समय, मिति र स्थानमा वस्ने छ ।

(५) बैठकमा आवश्यकतानुसार कुनै व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ ।

(६) बैठकमा उपस्थित अध्यक्ष, सदस्य र सदस्य सचिव र आमन्त्रित व्यक्तिले व्यवस्थापन परिषदबाट तोकिए वमोजिम बैठक भत्ता पाउने छ ।



१५. **आर्थिक समितिको काम, कर्तव्य र अधिकार:-** आर्थिक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ:-

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको वार्षिक वजेट र कार्यक्रम तर्जुमा गरी व्यवस्थापन परिषदमा पठाउने,

(२) तलव, भत्ता तथा लगानी नीति तर्जुमा गरी व्यवस्थापन परिषदमा पठाउने,

(३) क्याम्पस वा निकायमा कार्यरत शिक्षक र कर्मचारीलाई तलव भत्ता वाहेक अन्य आर्थिक प्रोत्साहन दिन व्यवस्थापन परिषदमा सिफारिश पठाउने,

(४) विद्यार्थीको शिक्षण शुल्क, परीक्षा शुल्कका अतिरिक्त अन्य शुल्कहरु तोक्न व्यवस्थापन परिषदलाई परामर्श दिने,

(५) परीक्षा सम्बन्धी कार्यमा संलग्न हुने विज्ञ, प्राश्निक, संपरिक्षक आदि कार्यमा संलग्न शिक्षक, कर्मचारीले पाउने पारिश्रमिक निर्धारण गर्न परामर्श दिने,

(६) तोकिएका अन्य कार्यहरु गर्ने ।

१६. **कोषको व्यवस्था:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकायको एक छुट्टै कोष रहने छ । सो कोषमा देहाय वमोजिम रकमहरु रहने छन्:-

(१) विभिन्न शुल्कबाट उठेको रकम ।

(२) दान, दातव्य र सहायता अन्तर्गत प्राप्त हुने रकम ।

(३) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त हुने रकम ।

(४) प्रोजेक्ट, कन्सल्टयान्सी, अनुसन्धान, कार्यशाला, समारोह आयोजना सम्बन्धी कार्यहरुबाट प्राप्त रकम ।

(५) आन्तरिक स्रोत परिचालन गरी प्राप्त भएको आय रकम ।

(६) आन्य स्रोतबाट प्राप्त रकम ।

१७. **कोषको खाता संचालन:-** (१) आवश्यकतानुसार वाणिज्य बैकमा क्याम्पस वा निकायको नाममा आय र व्ययको छुट्टा - छुट्टै खाता खोल्न सकिने छ ।

(२) आयको खाता क्याम्पस वा निकाय प्रमुख र संचालक परिषदको अध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने छ ।

(३) आय खाताबाट आवश्यकता अनुसार रकम व्यय खातामा सारिने छ ।

(४) व्यय खाता सम्बन्धित क्याम्पस वा निकाय प्रमुख अनुपस्थित भएमा संचालक परिषदले तोके वमोजिम एक जना र लेखा प्रमुख वा लेखा अधिकृत मध्ये एक जना समेतको संयुक्त दस्तखतबाट संचालन हुने छ ।

१८. **कोषको प्रयोग:-** कोषमा रहेको रकमबाट देहाय वमोजिमको कार्यका लागि खर्च व्यहोरिने छ:

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गतका शैक्षिक कार्यक्रम संचालन गर्न आवश्यक खर्च,

(२) क्याम्पस वा निकायका पदाधिकारी, शिक्षक एवं कर्मचारीको पारिश्रमिक र सुविधाहरु उपलब्ध गराउन,

(३) तोकिए वमोजिमका छात्रवृत्ति, विद्वद्वृत्ति, पदक, पुरस्कार र चन्दा दिन,

(४) शैक्षिक कार्यक्रम संचालनका लागि आवश्यक पर्ने जग्गा, भवन र भौतिक सामानहरु खरीद गर्न, भाडामा लिन वा मर्मत सम्भार गर्न आवश्यक रकम,

(५) प्रशासनिक खर्च र लेखा परीक्षकको पारिश्रमिक वापतको रकम,

(६) कर, दस्तुर, भ्रमण खर्च, स्थिर सम्पत्ति खरीद वापतको रकम,

(७) कानूनी कारवाही वा कानूनी परामर्श वापत व्योहोर्नु पर्ने रकम,

(८) विद्यार्थी रजिष्ट्रेशन शुल्क र अन्य शुल्कबाट प्राप्त हुने सम्पूर्ण रकमको पन्ध्र प्रतिशत रकम विश्वविद्यालय संचालन खर्च सम्बन्धी फण्डमा जम्मा गर्न विश्वविद्यालय केन्द्रीय कार्यालयमा पठाउने रकम,

(९) तोकिए वमोजिमका अन्य खर्चहरु,

१९. **लेखा परीक्षण:-** कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुने छ ।

## परिच्छेद-७

### परीक्षा संचालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

२०. **परीक्षा संचालक समितिको गठन:-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायलाई उक्त क्याम्पस वा निकाय अन्तर्गत संचालित शैक्षिक कार्यक्रमको परीक्षा संचालन गर्न विश्वविद्यालयले निर्धारण गरेको मापदण्ड पुरा गरे पछि विश्वविद्यालयको केन्द्रीय स्तरमा रहेको परीक्षा समितिको सिफारिशमा विश्वविद्यालय कार्यकारी परिषदले स्वीकृति दिने छ । सो कार्य गर्नको लागि क्याम्पस वा निकायमा एक परीक्षा संचालक समिति रहने छ ।



(२) परीक्षा संचालक समितिको गठन देहाय वमोजिम हुने छ:-

(क) सम्बन्धित क्याम्पस वा निकाय प्रमुख -अध्यक्ष

(ख) केन्द्रीय स्तरमा रहेको विश्वविद्यालयको परीक्षा समितिबाट मनोनित प्रतिनिधि दुई जना -सदस्य

(ग) सम्बन्धित क्याम्पस वा निकायका शिक्षकहरु मध्येबाट व्यवस्थापन परिषदबाट मनोनित दुई जना -सदस्य

(३) उपनियम (२) को खण्ड (ख) र (ग) वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(४) परीक्षा संचालक समितिको गणपूरक संख्या तीन हुने छ तर समितिको बैठकमा उपनियम (२) को खण्ड (क), (ख) र (ग) बाट कम्तीमा एक/एक जना सदस्य उपस्थित हुनु पर्ने,

(५) परीक्षा समितिको निर्णय साधारण बहुमतबाट हुने छ ।

(६) परीक्षा समितिको बैठकमा अध्यक्षले आवश्यक देखेमा सम्बन्धित कुनै व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ ।

(७) समितिको बैठकमा उपस्थित अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिले व्यवस्थापन परिषदले तोके वमोजिम भत्ता पाउने छ ।

२१. **परीक्षा संचालक समितिको काम, कर्तव्य र अधिकार:** परीक्षा संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायबाट संचालित शैक्षिक कार्यक्रमहरुको सबै प्रकारका (लिखित, प्रयोगात्मक, मौखिक वा अन्य) परीक्षाको व्यवस्थापन, संचालन तथा नियन्त्रण गर्नु गराउनु ।

(२) परीक्षाको कार्यतालिका प्रकाशित गर्नु, प्रकाशित कार्य तालिका वमोजिम परीक्षा संचालन गर्नु, प्रर्याप्त कारण भएमा प्रकाशित कार्य तालिकामा संशोधन वा स्थगन गर्नु अथवा लिई सकेको परीक्षा समेत रद्द गर्नु ।

(३) परीक्षाका लागि आवश्यक प्राश्निक, संशोधन कर्ता, परीक्षक, सम्परीक्षक, र अन्य विशेषज्ञहरु सर्म्बान्धित विभागीय प्रमुखको सिफारीशमा मनोनित गर्नु वा मनोनित व्यक्तिलाई हटाउनु ।

(४) परीक्षाको मर्यादा र विश्वसनीयतामा आंच नआउने गरी परीक्षा संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्था र शान्ति सुरक्षाको व्यवस्था मिलाउनु ।

(५) परीक्षाफल प्रकाशित गर्नु र विद्यार्थीलाई लब्धाङ्क पत्र उपलब्ध गराउनु ।

(६) केन्द्रीय स्तरमा रहेको परीक्षा समितिले दिएका नीतिको पालना गर्नु ।

(७) परीक्षा सम्बन्धी सम्पूर्ण गतिविधि झल्किने वार्षिक प्रतिवेदन केन्द्रीय स्तरमा रहेको परीक्षा समिति र व्यवस्थापन परिषदलाई उपलव्ध गराउनु ।

(८) परीक्षा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भई नतिजा समेत प्रकाशित भईसके पछि परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई स्थाई प्रमाणपत्र उपलव्ध गराउन केन्द्रीय स्तरमा रहेको परीक्षा समितिको कार्यालयमा रेकर्ड (अभिलेख) पठाउनु ।

(९) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गतका विद्यार्थीहरुलाई विश्वविद्यालयबाट प्रदान गरिने प्रमाणपत्रमा सम्बन्धित क्याम्पस वा निकायको नाम समेत उल्लेख गर्न लगाउने ।

(१०) तोकिए वमोजिम अन्य काम गर्ने ।

## परिच्छेद- ८

### पदपूर्ति समिति

२२. **पदपूर्ति समितिको गठन र अन्य व्यवस्था:-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको रिक्त दरवन्दीहरुमा निश्चित अवधिको नियुक्ति (Term Appointment) वा करार सेवा अन्तर्गत आवश्यक शिक्षक वा कर्मचारीको नियुक्तिका लागि उम्मेदवार सिफारिश गर्न एक पदपूर्ति समिति रहने छ ।

(२) पदपूर्ति समितिको गठन देहाय वमोजिम हुने छः-

(क) संचालक परिषदले तोकेको व्यक्ति -अध्यक्ष

(ख) सम्बन्धित विभागीय प्रमुख वा प्राध्यापक एक जना -सदस्य

(ग) सम्बन्धित संकायका डीनद्वारा मनोनित विषय विज्ञ प्राध्यापक वा सह प्राध्यापक एक जना सदस्य

(घ) प्रशासन प्रमुख -सदस्य -सचिव

(३) उपनियम (२) को खण्ड (ख) वमोजिम सम्बन्धित विभागीय प्रमुखको सट्टा कुनै प्राध्यापक नियुक्त गर्नु पर्ने भएमा खण्ड (ख) वमोजिमको सदस्यको मनोनयन व्यवस्थापन परिषदले गर्ने छ । सो सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(४) पदपूर्ति समितिको बैठकमा उपस्थित अध्यक्ष, सदस्य र सदस्य सचिव तथा आमन्त्रित विज्ञहरुलाई व्यवस्थापन परीषदबाट तोकिएको वैठक भत्ता उपलव्ध गराइने छ ।

२३. **पदपूर्ति समितिको उम्मेदवार सिफारिश सम्बन्धी प्रक्रिया:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत रिक्त रहेका दरवन्दीमा शिक्षक वा कर्मचारी नियुक्ति गर्नको लागि पदपूर्ति



समितिले उम्मेदवार छनौट गरी सिफारिश गर्न अवलम्बन गर्ने प्रक्रियासंचालक परीषदले तोके वमोजिम हुने छ ।

## परिच्छेद - ९

### स्वायत्तता प्राप्त स्कूलको डीन / निकाय प्रमुख

२४. **डीन / निकाय प्रमुखः** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य संचालनका लागि स्कूलमा एक जना डीन वा अन्य निकायमा निकाय प्रमुख रहने छ ।

(२) क्याम्पस / निकाय प्रमुखको नियुक्ति संचालक परिषदले गर्ने छ ।

(३) क्याम्पस / निकाय प्रमुख संचालक परिषद प्रति उत्तरदायी हुने छ ।

(४) क्याम्पस वा निकाय स्वायत्ततामा जानु पूर्व नियुक्त भएको क्याम्पस वा निकाय प्रमुख क्याम्पस वा निकाय स्वायत्ततामा गए पछि पनि निजको पदावधि बांकी रहेसम्म कायम रहने छ ।

(५) क्याम्पस / निकाय प्रमुखको पदावधि ४ चार वर्षको हुने छ ।

२५. **डीन / निकाय प्रमुखको काम, कर्तव्य र अधिकार:-** डीन वा निकाय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छः-

(१) क्याम्पस वा निकायको शैक्षिक, आर्थिक तथा प्रशासनिक जिम्मेवारी लिई संचालन गर्ने ।

(२) क्याम्पस वा निकायको लागि आवश्यक हुने शिक्षक र कर्मचारीलाई रिक्त दरवन्दीमा सम्बन्धित विषयको अध्यापन गराउन र कर्मचारीलाई प्रशासनिक कार्यमा लगाउनको निमित्त करारमा नियुक्ति गर्नको लागि उम्मेदवार सिफारिश गरी दिन शिक्षक, कर्मचारीको तह समेत खोली पदपूर्ति समितिमा अनुरोध पठाउने र पदपूर्ति समितिको सिफारिश प्राप्त भएका उम्मेदवारलाई सो पदमा नियुक्ति दिने,

(३) राम्रो काम गर्ने शिक्षक र कर्मचारीलाई पुरस्कार र अन्य सुविधा प्रदान गर्ने । आचार संहिता विपरित काम गर्ने शिक्षक वा कर्मचारीलाई तोकिए वमोजिमको हदसम्म नियमानुसार सजाय गर्नको लागि व्यवस्थापन परिषदमा सिफारिश गर्ने,

(४) क्याम्पस वा निकाय मातहतका शिक्षक तथा कर्मचारीहरुको विदा स्वीकृत गर्ने कार्य सम्पादनको मूल्यांकन गर्ने, कार्य विभाजन गर्ने र सेवाको अभिलेख राख्ने,

(९) आर्थिक योजना अन्तर्गतका स्रोतहरुको विस्तृत विवरण,

(१०) प्रशासनिक योजना अनुसार संस्थागत संरचना अन्तर्गत पर्ने स्वामित्व, निर्णय लिने अधिकार, पारदर्शिता, जवाफ देहिता र दक्षता सम्बन्धी प्रावधान सहितको विवरण,

(११) उक्त विशिष्ट विषयको माग कम्तिमा आउने पांच वर्षसम्म अहिले कै अवस्थामा यथावत रहने वा अझ बढने बारेको प्रक्षेपण,

(१२) विशिष्ट विषय पढाउने शिक्षकको व्यक्तिगत विवरण र उनीहरुसंग गरिएको करारनामा,

(१३) उक्त कार्यक्रम संचालन गर्न आवश्यक प्रयोगशाला, पुस्तकालय सम्बन्धी मौजुदा व्यवस्था र भावी योजना,

(१४) आवेदन दिने क्याम्पस वा निकाय संचालन भएको अवधि (सामान्यतया आवेदक क्याम्पस वा निकाय स्थापना भएको पांच वर्ष पुगेको हुनु पर्दछ। तर विश्वविद्यालय अन्तर्गत नया खोलिने क्याम्पस वा निकायलाई आवेदनको लागि वन्देज गरिएको छैन),

(१५) तोकिएका अन्य विवरणहरु।

२८. **स्वायत्तता प्रदान गर्ने आधारहरु:-** क्याम्पस वा निकायलाई स्वायत्तता प्रदान गर्न देहाय वमोजिमका आधार रहेका छन्:

(१) सम्वन्धित क्याम्पस वा निकायको प्राज्ञिक प्रतिष्ठा, पूर्व प्रकाशित परीक्षा नतिजाहरुमा तोकिएको औसत प्रतिफल,

(२) कार्यरत शिक्षकहरुको प्राज्ञिक, अनुसन्धान, अनुसन्धान परियोजनामा संलग्नता, प्रकाशन र अन्य कृया कलापहरु,

(३) पूर्व शैक्षिक सत्रहरुमा तोकिए वमोजिमको औसत विद्यार्थी संख्या, विद्यार्थी भर्ना प्रक्रिया र गुणस्तर,

(४) पुस्तकालय, प्रयोगशाला, तथा प्राज्ञिक क्रियाकलापका लागि आवश्यक पूर्वाधारहरु,

(५) संस्थागत व्यवस्थापनको गुणस्तर,

(६) आर्थिक अबस्था एवं आर्थिक नीतिहरु,

(७) कार्यरत जनशक्तिको प्रेरणा: (Motivation)

(८) तोकिएका अन्य आधारहरु

२९. **विशेषज्ञ टोली गठन र टोलीको अध्ययन प्रतिवेदन:-** नियम २७वमोजिमका आवश्यक कागजपत्रहरु समेत संलग्न गरी नियम २६ वमोजिम विश्वविद्यालय कार्यकारी परिषदको कार्यालयमा दर्ता भएको आवेदन र आवेदन साथ संलग्न विवरण तथा स्वायत्तताको लागि



तोकिएका आधारहरु सबैलाई विचार गरी आवश्यक अध्ययन र जांचबुझ गरी अध्ययन प्रतिवेदन पेश गर्न कार्यकारी परिषदले एक विशेषज्ञहरुको टोली गठन गर्ने छ।

३०. **स्वायत्तता प्रदान गर्ने निर्णय:-** नियम २९ वमोजिम गठित विशेषज्ञ टोलीको अध्ययन प्रतिवेदन प्राप्त भए पछि उक्त प्रतिवेदनमा कार्यकारी परिषदको बैठकमा छलफल हुने छ र उपयुक्त देखिएमा कार्यकारी परिषदले आवेदक क्याम्पस वा निकायलाई यस नियमावली अन्तर्गत आफ्ना शैक्षिक कार्यक्रम संचालन गर्न स्वीकृति दिने छ। स्वायत्तता प्रदान गर्दा प्रथम पटक दश वर्षको लागि प्रदान गरिने छ। विश्वविद्यालयले नियमित अनुगमनगरी अनुगमन र मूल्यांकनको आधारमा स्वयत्तताको अवधि थप गर्न सक्ने छ।

३१. **नियमित अनुगमन गर्ने:** नियम ३० वमोजिम स्वायत्तता प्राप्त गरेका क्याम्पस वा निकायको शैक्षिक, भौतिक, आर्थिक र प्रशासनिक क्रियाकलापहरुको विश्वविद्यालयको केन्द्रीय कार्यालयबाट नियमित अनुगमन हुने छ। यसरी अनुगमन गर्दा देखिएका सबै कुराहरुको प्रतिवेदन कार्यकारी परिषदमा पेश गरिने छ र सो को वोधार्थ सम्वन्धित क्याम्पस वा निकायलाई पनि दिइने छ।

३२. **विश्वविद्यालयबाट कारवाही गरिने:** मध्य पश्चिमाञ्चल विश्वविद्यालयबाट स्वायत्तता प्राप्त गरेका क्याम्पस वा निकायलाई देहायको आधारमा कारवाही र सजाय गर्न सकिने छ:

(क) (१) तिन वर्षसम्म लगातार घाटामा संचालन भएमा,

(२) तिन वर्षसम्म लेखा परीक्षण नगराएमा,

(३) शैक्षिक कार्यक्रम उपयुक्त किसिमले संचालन गर्न नसकेमा र शैक्षिक गुणस्तर कायम गर्न नसकेमा,

(४) व्यवस्थापनमा धांधली वा घोटला आदि भएको प्रमाणित भएमा र त्यस्तो कुरा रोक्न संचालक परिषद असफल भएको प्रमाणित भएमा,

(५) परीक्षा नियमित र मर्यादित ढंगले संचालन गर्न नसकेमा,

(६) विभिन्न कारण वस लामो समयसम्म क्याम्पस वा निकाय वन्द रहेको भन्ने अनुगमन प्रतिवेदनबाट देखिएमा र सो प्रमाणित भएमा,

(ख) नियम ३२ को खण्ड (क) मा उल्लेखित कुराहरु नियमित अनुगमन प्रतिवेदनबाट देखिएमा र स्वायत्तता प्राप्त क्याम्पस वा निकायले उद्देश्य अनुरुप कार्य गरेको नपाइएमा कार्यकारी परिषदले देहाय वमोजिम कारवाही गर्न सक्ने छ:-

(१) संचालक परिषद र व्यवस्थापनलाई सचेत गराउने,

(२) निश्चित अवधिको समय दिई सो अवधि भित्र कमीकमजोरी हटाउन मौका दिने,

(३) संचालक परिषद भंग गरी नयां गठन गर्ने,

(४) प्रदान गरिएको स्वायत्तता फिर्ता लिई सामान्य क्याम्पस वा निकाय सरह उक्त क्याम्पस वा निकाय संचालन गर्ने। यसरी सामान्य क्याम्पस वा निकाय सरह

संचालन गर्नु पर्ने अवस्था आएमा क्याम्पस वा निकायबाट सिर्जना भए दरवन्दीहरु स्वतः खारेज हुने छन् र ती दरवन्दीमा कार्यरत सबै शिक्षक कर्मचारी पनि खारेजीमा पर्ने छन् ।

## परिच्छेद- ११

### सम्बन्धन प्राप्त कलेजहरुको स्वायत्तता सम्बन्धी व्यवस्था

३३. **स्वायत्तता प्रदान गर्न सकिने:-**

विश्वविद्यालयबाट प्रदान गरिने शिक्षालाई उच्च गुणस्तरयुक्त बनाई राष्ट्रिय र अन्तराष्ट्रि स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र क्षमतावान जनशक्ति उत्पादन गर्ने उद्देश्यले समय र वजारक माग अनुरुप अनुसन्धानमा आधारित पाठ्यक्रम तयार गरी औचित्य र आवश्यकता हेरी शैक्षि कार्यक्रम संचालन गर्न विश्वविद्यालय अन्तर्गतका सम्बन्धन प्राप्त कलेजलाई प्राज्ञिक स्वायत्त प्रदान गर्न सकिने छ ।

३४. **स्वायत्तता प्राप्त सम्बन्धन प्राप्त कलेजको काम कर्तव्य अधिकार:-** स्वायत्तता प्राप्त सम्बन्ध प्राप्त कलेजको प्राज्ञिक काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(१) सञ्चालित शैक्षिक कार्यक्रमको पाठ्यक्रम परिमार्जन गर्ने,

(२) नयां शैक्षिक कार्यक्रमको पाठ्यक्रम निर्धारण गर्ने र निर्धारित पाठ्यक्रम अनुसार सो शैक्षिक कार्यक्रम संचालन गर्ने,

(३) भर्ना सम्बन्धी नियम वनाई लागू गर्ने,

(४) विद्यार्थीको मूल्यांकन एवं परीक्षा प्रणालीको संचालन एवं विकास गर्ने,

(५) नयां नयां शैक्षिक प्रविधिको प्रयोग गर्ने,

(६) स्वायत्तता प्राप्त कलेजलाई उत्कृष्ठताको केन्द्रको रुपमा विकसित गर्ने,

(७) रोजगारदाता, उद्योग, अन्य शैक्षिक संघ, संस्था तथा सरकारसंग आपसी सहयोग वढाएर नयां ज्ञान र प्रविधि विकासका साथ साथै मौजुदा ज्ञान र प्रविधि उपयोग गर्ने क्षमता विकास गरेर द्रुत गतिमा देश विकास गर्न सघाउने,

(८) स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासंग सम्बन्ध कायम गर्न एवं सहकार्य गर्न नीति वनाउने,

(९) तोकिएका अन्य कार्यहरु गर्ने,



३५. **स्वायत्तताका लागि निवेदन दिनु पर्ने:-** विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजहरु मध्ये कसैले यस नियम अन्तर्गत स्वायत्त रुपमा शैक्षिक कार्यक्रम संचालन गर्न चाहेमा उक्त कलेजलाईअग्रगामी दिशातर्फ अग्रसर बनाउन आवश्यक देखिएका सबै कुराहरु सहितको कम्तिमा पांच वर्षको योजना तयार गरी विश्वविद्यालय कार्यकारी परिषदमा निवेदन पेश गर्नेछ र कार्यकारी परिषद्ले उक्त स्कूललाई यस नियम अन्तर्गत संचालन गर्न स्वीकृति दिन सक्नेछ । त्यसरी स्वीकृत प्रदान गर्दा कार्यकारी परिषद्ले विशेषज्ञहरु सम्मिलित टोली गठन गरी अध्ययन गराउनु पर्नेछ ।

३६. **स्वायत्तता प्रदान गरिने आधारहरु:-** स्वायत्तताको लागि आवेदन दिने कलेजलाई स्वायत्तता प्रदान गरिने आधारहरु देहाय वमोजिम रहेका छन्:-

(क) प्राज्ञिक प्रतिष्ठा, पुर्व प्रकाशित परिक्षा नतिजाहरुमा तोकिएको न्यूनतम औसत प्रतिफल,

(ख) शिक्षकहरुको प्राज्ञिक, अनुसन्धान, अनुसन्धानात्मक परियोजनाहरुमा संलग्नता, प्रकाशनहरु र अन्य कृयाकलापहरु,

(ग) पुर्व शैक्षिक शत्रहरुमा तोकिए वमोजिमको औसत विद्यार्थीहरुको संख्या, विद्यार्थी भर्ना प्रकृया र गुणस्तर,

(घ) पुस्तकालय, प्रयोगशाला, तथा प्राज्ञिक कृयाकलापका लागि आवश्यक भौतिक पुर्वाधारहरु,

(ङ) संस्थागत व्यावस्थापनको गुणस्तर,

(च) आर्थिक अवस्था एवं आर्थिक नितिहरु,

(छ) कार्यरत जनशक्तिको प्रेरणा,

(ज) तोकिएको अन्य आधारहरु,

३७. **स्वायत्तताका लागि आवेदन दिने कलेजले देहाय वमोजिमका कागजातहरु विश्वविद्यालयमा पेश गर्नुपर्नेछ:-**

(१) सम्बन्धित कलेजलाई अग्रगामी दिशा तर्फ अग्रसर वनाउन आवश्यक देखिएका सबै कुराहरु सहितको कम्तिमा पांच वर्षको योजना तयार गरी संलग्न गर्नु पर्ने,

(२) शैक्षिक कार्यक्रम संचालन गर्ने सम्बन्धी योजनाको विस्तृत विवरण र कार्यतालिका,

(३) कलेजको शैक्षिक कार्यक्रम संचालनको योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति व्यवस्थापन र आपूर्ति योजना,

(४) विद्यार्थी भर्ना नीति र योजना,

(५) कलेज अन्तर्गत हाल भई रहेका र भविष्यमा संचालन गर्न प्रस्तावित अनुसन्धान सम्बन्धी योजना,

(६) अन्य विशिष्टिकृत व्यवस्थाका नियमहरु,

(७) शिक्षण र अनुसन्धानका लागि सहकार्य गर्ने अन्य संस्था एवं तिनको सन्जाल सम्बन्धी विवरण,

(८) भौतिक पूर्वाधारको मौजुदा अवस्था र भावी योजना,

(९) आर्थिक योजना अन्तर्गतका स्रोतहरुको विस्तृत विवरण,

(१०) प्रशासनिक योजना अनुसार संस्थागत संरचना अन्तर्गत पर्ने स्वामित्व, निर्णय लि अधिकार, पार दर्शिता, जवाफ देहिता र दक्षता सम्बन्धी प्रावधान सहितको विवरण,

(११) उक्त विशिष्ट विषयको माग कम्तिमा आउने पांच वर्षसम्म अहिले कै अवस्थामा यथाव रहने वा अझ वढ्ने वारेको प्रक्षेपण,

(१२) विशिष्ट विषय पढाउने शिक्षकको व्यक्तिगत विवरण र उनीहरुसंग गरिएको करारनामा,

(१३) उक्त कार्यक्रम संचालन गर्न आवश्यक प्रयोगशाला, पुस्तकालय सम्बन्धी मौजुदा व्यवस्था र भावी योजना,

(१४) सामान्यतया आवेदन दिने कलेज संचालन भएको पांच वर्ष पुगेको हुनु पर्दछ ।

(१५) स्वायत्तताको लागि आवेदन दिने कलेजले विश्वविद्यालय अनुदान आयोगको एक्रेडिटेश (Accreditation) प्राप्त गरेको हुनुपर्दछ । साथै विषयगत काउन्सिल रहेको कार्यक्रम संचालन गर्ने हकमा कार्यक्रम संचालन गर्ने को हकमा कार्यक्रम संचालन गर्न कानू वमोजिम सम्बन्धित काउन्सिलको सहमति पनि प्राप्त गर्नुपर्दछ ,

(१६) स्वायत्त कलेजको विश्वविद्यालयले तोके वमोजिम संरचनागत जनशक्ति र भौतिक पुर्वाधारको व्यावस्था भएको हुनपर्दछ,

(१७) तोकिएका अन्य विवरणहरु ।

## ३८. स्वायत्तताको लागि आवेदन तथा स्वीकृती:-

(क) विश्वविद्यालयका सम्बन्धन प्राप्त कलेजले स्वायत्तताको लागि तोकिएको ढाँचामा आवेदन गर्न सक्नेछन,

(ख) यस्तो निवदेन प्राप्त भए पछि विश्वविद्यालयले तोकिएको विधी एवं प्रकृया पुरा गरी उपयुक्त मुल्याकंनको आधारमा कार्यकारी परिषदले स्वायत्तता प्रदान गर्न सक्ने छ,

(ग) स्वायत्तता प्रदान गर्दा सम्बन्धित निकायको सबै कार्यक्रमलाई एकै पटक स्वायत्तता प्रदान गरिनेछ ।

(घ) स्वायत्तता प्रथम पटक १० वर्षको लागि प्रदान गरिने छ । विश्वविद्यालयले नियमित अनुगमन गरी अनुगमनको र मुल्यांकनको अधारमा थप अवधि प्रदान गर्न सक्ने छ,



**३९. प्राज्ञिक समितिको गठन:-** (१) स्वायत्तता क्याम्पस /कलेजमा अध्यापन गरिने विभिन्न विषयहरुको शिक्षण र प्रशिक्षण, अनुसन्धान पाठ्यक्रम निर्माण तथा परीक्षा संचालन जस्ता प्राज्ञिक क्रियकलापलाई समय सापेक्ष र स्तरीय वनाउन आवश्यक नीति निर्धारण गर्न र कार्यान्वयन गर्न आवश्यक राय परामर्श प्रदान गर्नका लागि कलेजमा एक प्राज्ञिक समिति रहने छ ।

(२) प्राज्ञिक समितिको गठन देहाय वमोजिम हुने छ:-

(क) स्वायत्तता प्राप्त क्याम्पस /कलेजको प्रमुख -संयोजक

(ख) क्याम्पस /कलेजका विभागीय प्रमुखहरु -सदस्य

(ग) क्याम्पस /कलेजका प्राध्यापक वा सह प्राध्यापक मध्येबाट प्रमुखले तोकेको प्रतिनिधी तीन जना -सदस्य

(घ) क्याम्पस /कलेजमा सञ्चालित कार्यक्रमसंग सम्बन्धित विश्वविद्यालय बाहिरका विज्ञहरु तीन जना -सदस्य

(ङ) विश्वविद्यालय प्राज्ञिक परिषदले तोकेको प्रतिनिधि सदस्य एक जना -सदस्य

(च) सञ्चालक समितिले तोकेको विज्ञ दुई जना -सदस्य

(छ) उपकुलपतिदारा मनोनित एक जना -सदस्य

(३) उपनियम (२) खण्ड (घ) वमोजिमका सदस्यहरुको मनोनयन प्रमुखको सिफारिशमा उपकुलपतिले गर्ने छ ।

(४) प्राज्ञिक समितिको सचिवको रुपमा काम गर्न समितिका संयोजकले कुनै सदस्यलाई तोक्ने छ ।

(५) प्राज्ञिक समितिको पदावधि दुई वर्षको हुने छ ।

**४०. प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकार:-** प्राज्ञिक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ:-

(१) कुनै नयां शैक्षिक कार्यक्रम संचालन गर्न प्राप्त प्रस्तावको अध्ययन र मूल्यांकन गरी सो कार्यक्रमको लागि आवश्यक हुने जनशक्तिको आपूर्ति र पूर्वाधार विकासको योजना समेतलाई अध्ययन र मूल्यांकन गरी उपयुक्त देखिएमा सञ्चालक समितिमा सिफारिश गर्ने,

(२) स्वायत्तता कलेजमा अध्यापन गरिने विषयहरुको अध्ययन, अनुसन्धान र प्रशिक्षणको लागि आवश्यक पाठ्यक्रम तर्जुमा गर्ने,

(३) क्याम्पस /कलेजमा अध्यापन र प्रशिक्षण गरिने विषयहरुमा विद्यार्थी भर्ना गर्न चा योग्यता र भर्ना हुने आधार विश्वविद्यालय प्राज्ञिक परिषदले सो कार्यको लागि तो योग्यता भन्दा कम नहुने गरी निर्धारण गर्ने,

(४) क्याम्पस /कलेजलाई उच्च शिक्षाको उत्कृष्ट केन्द्रको रुपमा विकसित गर्न सञ्चा समितिलाई परामर्श दिने,

(५) क्याम्पस /कलेजको वार्षिक शैक्षिक कार्य तालिका, शैक्षिक कार्यक्रम र विद्यार्थी भ सम्बन्धी नीति निर्धारण गर्न सञ्चालक समितिलाई परामर्श दिने,

(६) पठन - पाठनको शैक्षिक वातावरण सुधार्ने र अनुशासन कायम गर्ने लगायत अरु प्राज्ञि कुरामा समय समयमा कलेजको वस्तुस्थितिको समीक्षा गर्ने र आवश्यक सुधार सिफारिश गर्ने।

(७) क्याम्पस /कलेजमा संचालन गरिने शैक्षिक कार्यक्रमहरुको पाठ्यक्रममा समय सापे परिमार्जन वा नयां पाठ्यक्रम निर्माणको लागि सम्बन्धित विषय क्षेत्रका विश्वविद्याल सेवा वाहिर रहेका विशेषज्ञहरु समेत समावेश गरी एक उपसमिति गठन गरी समितिबाट प्रस्तावित पाठ्यक्रमको मस्यौदा प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउने पाठ्यक्रमको मसौदा प्राप्त भए पछि बैठकमा छलफल गरी आवश्यक निर्णय गर्ने,

(८) क्याम्पस /कलेजबाट अनुसन्धान र विकास तथा प्रसार सेवा (Research & Development and Extension Services) संचालन गर्न आवश्यक परामर्श दिने,

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक वा अन्य संघ, संस्थाहरुसंग विभिन्न परियोजना, शैक्षिक कार्यक्रम वा अन्य विषयको लागि सहयोग प्राप्त गर्न सञ्चालक समितिलाई आवश्यक परामर्श दिने,

(१०) तोकिए वमोजिम अन्य कार्य गर्ने,

**४१. परीक्षा संचालक समितिको गठनः-** (१) स्वायत्तता प्राप्त सम्बन्धन प्राप्त कलेजलाई उक्त कलेज अन्तर्गत संचालित शैक्षिक कार्यक्रमको परीक्षा संचालन गर्न विश्वविद्यालयले निर्धारण गरेको मापदण्ड पुरा गरे पछि विश्वविद्यालयको केन्द्रीय स्तरमा रहेको परीक्षा समितिको सिफरिशमा विश्वविद्यालय कार्यकारी परिषदले स्वीकृति दिने छ। सो कार्य गर्नको लागि क्याम्पस /कलेजमा एक परीक्षा संचालक समिति रहने छ।

(२) परीक्षा संचालक समितिको गठन देहाय वमोजिम हुने छः-

(क) सम्बन्धित क्याम्पस /कलेजको प्रमुख — अध्यक्ष

(ख) केन्द्रीय स्तरमा रहेको विश्वविद्यालयको परीक्षा समितिबाट मनोनित प्रतिनिधि दुई जना — -सदस्य



(ग) सम्बन्धित क्याम्पस / कलेजका शिक्षकहरु मध्येबाट सञ्चालक समितिबाट मनोनित दुई जना — -सदस्य

(घ) सम्बन्धित सङ्कायका डीनदारा मनोनित एक जना — -सदस्य

(३) उपनियम (२) को खण्ड (ख) र (ग) वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ।

(४) परीक्षा संचालक समितिको गणपूरक संख्या तीन हुने छ तर समितिको बैठकमा उपनियम (२) को खण्ड (क), (ख) र (ग) बाट कम्तीमा एक/एक जना सदस्य उपस्थित हुनु पर्ने,

(५) परीक्षा समितिको निर्णय साधारण बहुमतबाट हुने छ।

(६) परीक्षा समितिको बैंठकमा अध्यक्षले आवश्यक देखेमा सम्बन्धित कुनै व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ।

**४२. परीक्षा संचालक समितिको काम, कर्तव्य र अधिकारः** परीक्षा संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(१) स्वायत्तता प्राप्त क्याम्पस /कलेजबाट संचालित शैक्षिक कार्यक्रमहरुको सबै प्रकारका ( लिखित, प्रयोगात्मक, मौखिक वा अन्य) परीक्षाको व्यवस्थापन, संचालन तथा नियन्त्रण गर्नु गराउनु।

(२) परीक्षा सम्बन्धी सम्पूर्ण गतिविधि झल्किने वार्षिक प्रतिवेदन केन्द्रीय स्तरमा रहेको परीक्षा समिति र सञ्चालक समितिलाई उपलब्ध गराउनु।

(३) परीक्षाको कार्यतालिका प्रकाशित गर्नु, प्रकाशित कार्य तालिका वमोजिम परीक्षा संचालन गर्नु, प्रर्याप्त कारण भएमा प्रकाशित कार्य तालिकामा संशोधन वा स्थगन गर्नु अथवा लिई सकेको परीक्षा समेत रद्द गर्नु।

(४) परीक्षाका लागि आवश्यक प्राश्निक, संशोधन कर्ता, परीक्षक, सम्परीक्षक, र अन्य विशेषज्ञहरु सर्म्बान्धित विभागीय प्रमुखको सिफारीशमा मनोनित गर्नु वा मनोनित व्यक्तिलाई हटाउनु।

(५) परीक्षाको मर्यादा र विश्वसनीयतामा आंच नआउने गरी परीक्षा संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्था र शान्ति सुरक्षाको व्यवस्था मिलाउनु।

(६) परीक्षाफल प्रकाशित गर्नु र विद्यार्थीलाई लब्धाङ्क पत्र उपलब्ध गराउनु।

(७) केन्द्रीय स्तरमा रहेको परीक्षा समितिले दिएका नीतिको पालना गर्नु।

(८) परीक्षा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भई नतिजा समेत प्रकाशित भईसके पछि परीक्षामा उर्त्तीण विद्यार्थीहरुलाई स्थाई प्रमाणपत्र उपलव्ध गराउन केन्द्रीय स्तरमा रहेको परीक्षा समितिको कार्यालयमा रेकर्ड (अभिलेख) पठाउनु।

(९) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गतका विद्यार्थीहरुलाई विश्वविद्यालयबाट प्र गरिने प्रमाणपत्रमा सम्बन्धित क्याम्पस वा निकायको नाम समेत उल्लेख गर्न लगाउने

(१०) तोकिए वमोजिम अन्य काम गर्ने ।

**४३. नियमित अनुगमन गर्नेः-**

यस नियम अन्तर्गत संचालित कलेजका शैक्षिक, भौतिक, आर्थिक र प्रशासनिक क्रियाकलापहरु मध्यपश्चिमाञ्चल विश्वविद्यालय केन्द्रीय कार्यालयबाट नियमित अनुगमन हुनेछ । यस अनुगमन गर्दा देखिएका सबै कुराहरुको प्रतिवेदन कार्यकारी परिषद्मा पेश गरिनेछ र सो वोधार्थ सम्बन्धित कलेजलाई पनि दिइने छ,

**४४. विश्वविद्यालयबाट कारवाही गरिनेः-**

मध्य पश्चिमाञ्चल विश्वविद्यालयबाट स्वायत्तता प्राप्त गरेका क्याम्पस /कलेजलाई देहाय आधारमा कारवाही गरी देहाय वमोजिम सजाय गर्न सकिने छ ।

(क) (१) तिन वर्षसम्म लेखा परीक्षण नगराएमा,

(२) शैक्षिक कार्यक्रम उपयुक्त किसिमले संचालन गर्न नसकेमा र शैक्षिक गुणस्त कायम गर्न नसकेमा,

(३) व्यवस्थापनमा धांधली वा घोटाला आदि भएको प्रमाणित भएमा र त्यस्तो क रोक्न संचालक समिति असफल भएको प्रमाणित भएमा,

(५) परीक्षा नियमित र मर्यादित ढंगले संचालन गर्न नसकेमा,

(६) विभिन्न कारण वस लामो समयसम्म कलेज वन्द रहेको भन्ने अनुगम प्रतिवेदनबाट देखिएमा र सो प्रमाणित भएमा,

(७) नियमित अनुगमन प्रतिवेदन वा अन्य उपयुक्त विधिबाट स्वायत्तता प्राप्त कलेज उद्देश्य अनुरुप कार्य गरेको नपाइएमा विश्वविद्यालय कार्यकारी परिषदले देहा वमोजिम कारवाही गर्न सक्ने छः-

(क) संचालक समितिलाई सचेत गराउने,

(ख) निश्चित अवधिको समय दिई सो अवधि भित्र कमीकमजोरी हटाउन मौका दिने,

(ग) प्रदान गरिएको स्वायत्तता फिर्ता लिई सामान्य क्याम्पस /कलेज सरह उक्त कलेज संचालन गर्ने,

**४५. विश्वविद्यालयको प्रतिनिधिः-** सम्बन्धन प्राप्त क्याम्पस /कलेजको संचालक समितिमा उपकुलपतिद्वारा मनोनित विश्वविद्यालयको प्रतिनिधी एक जना सदस्यको रुपमा रहने छ ।



**४६. नियमावली सम्बन्धी व्यवस्थाः-** अन्य नियमावलीहरुमा जुनसुकै कुरा र व्यवस्था लेखिएको भएता पनि यस नियमावलीमा लेखिएको कुरा र व्यवस्थाको हकमा यस नियमावली वमोजिम र अन्य कुरा र व्यवस्थाका सम्बन्धमा विश्वविद्यालयको प्रचलित सम्बन्धन प्राप्त कलेजहरुलाई लागु हुने अन्य नियमावलीहरु वमोजिम हुने छ ।

**४७. विनियम, कार्यव्यवस्था प्रणाली, प्रक्रिया र निर्देशिका जारी गर्न सक्नेः-** संचालक समितिले यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्ने क्रममा आवश्यकतानुसार विनियम, कार्यव्यवस्था प्रणाली, प्रक्रिया वा निर्देशिका जारी गरी लागू गर्न सक्ने छ ।

## परिच्छेद- १२

### विविध

**४८. आगन्तुक प्राध्यापक सम्बन्धी व्यवस्थाः-**(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको व्यवस्थापन परिषदले विशेष योग्यता भएका ख्याति प्राप्त अनुभवी र दक्ष शिक्षकलाई उक्त क्याम्पस वा निकायमा करारनामाको शर्तवन्दीमा करार गरी काममा लगाउन सकिने छ ।

(२) सरकारी सेवामा वा अन्य कुनै विश्वविद्यालयमा वा कुनै अनुसन्धान केन्द्रमा कार्यरत कुनै खास योग्यता प्राप्त र अनुभवी व्यक्तिलाई प्राज्ञिक समितिको सिफारिशमा व्यवस्थापन परिषदले आगन्तुक प्राध्यापक वा आगन्तुक सह प्राध्यापक पदमा करारमा नियुक्ति दिइ काममा लगाउन सक्ने छ ।

(३) उपनियम (१) र (२) वमोजिम करारमा आउने व्यक्तिहरुलाई व्यवस्थापन परिषदले आवश्यकता र औचित्य हेरी प्रचलित स्केल भन्दा वढी तलव तथा अन्य सुविधा दिई काममा लगाउन सक्नेछ । यसरी करारमा नियुक्ति गर्न पदपूर्ति समितिको सिफारिश आवश्यक पर्ने छैन ।

**४९. आचार संहिताः-** विश्वविद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरुको लागि अन्य नियमहरुमा तोकिएको आचरण सम्बन्धी व्यवस्थामा आवश्यकतानुसार थप व्यवस्था गरी स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थीहरुको लागि सम्बन्धित क्याम्पस वा निकायको संचालक परिषदले आचारसंहिता लागू गर्न सक्नेछ ।

**५०. नियमावली सम्बन्धी व्यवस्थाः-** अन्य नियमावलीहरुमा जुनसुकै कुरा र व्यवस्था लेखिएको भएता पनि यस नियमावलीमा लेखिएको कुरा र व्यवस्थाको हकमा यस नियमावली वमोजिम र अन्य कुरा र व्यवस्थाका सम्बन्धमा विश्वविद्यालयको प्रचलित अन्य नियमावलीहरु वमोजिम हुने छ ।

**५१. अधिकार प्रत्यायोजनः-**

(१) सञ्चालक परिषदले यस नियमावली वमोजिम आफूलाई प्राप्त भएको अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन परिषदलाई, व्यवस्थापन परिषदले आफूलाई प्राप्त भएको अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार क्याम्पस वा निकाय प्रमुखलाई र निकाय प्रमुखले आफूलाई प्राप्त अधिकार मध्ये केही सहायक डीन, शिक्षक वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गरी गरिएको निर्णय वारे प्रत्यायोजन कर्तालाई जानकारी दिनु पर्ने छ ।

(३) प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन गर्न पाइने छैन ।

५२. **नियमको व्याख्या:-** यस नियमावली अन्तर्गतका नियमहरुको व्याख्या गर्ने अधिकार विश्वविद्यालय कार्यकारी परिषदलाई हुने छ । कार्यकारी परिषदले गरेको व्याख्या अन्तिम हुने छ ।

५३. **थप पदाधिकारीको व्यवस्था:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा नियम ५को उपनियम (२) को खण्ड (ग) वमोजिम आवश्यकतानुसार थप पदाधिकारीको दरवन्दीको व्यवस्था, नियुक्तिको व्यवस्था र काम कर्तव्य अधिकार व्यवस्थापन परिषदले तोके वमोजिम हुने छ ।

५४. **विनियम, कार्यव्यवस्था प्रणाली, प्रक्रिया र निर्देशिका जारी गर्न सक्ने:-** संचालक परिषदले यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्ने क्रममा आवश्यकतानुसार विनियम, कार्यव्यवस्था प्रणाली, प्रक्रिया वा निर्देशिका जारी गरी लागू गर्न सक्ने छ ।

५५. **यो नियमावली लागू भए**पछि विश्वविद्यालयले पहिले लागू गरेको स्वायत्तता सम्बन्धी व्यवस्थाहरु स्वतःखारेज हुने छन ।

नियमावली पारित मिति २०७ ...../...../....